"सहिदभूमि गाउँपालिकाको समृद्धि: शिक्षा,स्वास्थ्य,पर्यटन र कृषि"

# सहिदभूमि गाउँपालिका
## Sahidbhumi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of The Rural Municipal Executive

पिप्ले, धनकुटा,
Piple, Dhankuta

कोशीप्रदेश, नेपाल
Koshi Province, Nepal

प.सं. २०८२/८३
च.नं.

मिति:२०८२/०८/२८
ने.सं. ११४६

**विषयः कर्मचारी तह वृद्धिको लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

. प्रस्तुत सम्बन्धमा सहिदभूमि गाउँपालिका, धनकुटामा स्थानीय सरकारी सेवामा कार्यरत स्थायी कर्मचारीहरुले कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा १ मा भएको व्यवस्था बमोजिम योग्यता पुगेका कर्मचारीहरुले तह बृद्धिको लागि तपसिल बमोजिमको कागजातहरु संलग्न गरी सहिदभूमि गाउँपालिकाको कर्मचारीको तह वृद्धि/बढुवा सम्बन्धी कार्यविधी, २०८० को अनुसूची १ बमोजिमको ढाँचामा यो सूचना प्रकाशन भएको मितिले ३० (तिस) दिनभित्र तह वृद्धिका लागि निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- स्थायी नियुक्ति पत्र/बढुवा नियुक्ति पत्रको प्रतिलिपि,
- स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि (समायोजन भएको कर्मचारीको हकमा),
- न्यूनतम शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपि,
- विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको, बढुवा रोक्का नभएको विवरण सहितको कार्यालयको सिफारिस पत्र,
- पछिल्ला ३ वर्षको कार्य सम्पादन मूल्यांकन,

**निवेदन पेश गर्ने निकायः** प्रशासन, योजना तथा अनुगमन शाखा,
सहिदभूमि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
पिप्ले, धनकुटा ।

सूर्यबहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत